# यर्मियाको पुस्तक
# (Book of Jermiah)


लेखक:

इम्र टोकिकस्

**(Imre Tokics)**

भावानुवादक

भजुराम तखाछेँ श्रेष्ठ



सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

नेपाल सेक्सन

नेपाल

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग
प्रथम संस्करण : २०७२ (ई.सं. २०१५)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
प्रकाशक सहयोगी - अमर पोते
कम्प्यूटर लेआउट तथा आवरण चित्र
**सुजीत कुमार साह**
प्रुफरिडिङ्गः **सुमित्रा तथा राकेश लामिछाने**
**प्रकाशक:** पा. उमेश कुमार पोखरेल,
अध्यक्षः नेपाल सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट चर्च ६६३७१८१,
ईमेल ठेगाना umesh.shantipokharel@gmail.com
**नेपाल सेक्सन पब्लिशिङ्ग निर्देशकः पास्टर कुमार अधिकारी**
सम्पर्कः- पास्टर कुबेर लामिछाने ☎ ९८४१७१५०९५
एल्डर भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२ **bhajupurna@gmail.com**
यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उदृध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उदृध गरिएका छन्।

# भूमिका
## यर्मियाको पुस्तक
### मी-यिट्टन (Mi-Yitten)

हिब्रू अर्थात् इस्राएल देशको लिखित भाषामा बाइबल लेखिएको थियो। बाइबलको समयमा चलेको हिब्रू भाषामा धेरै यस्ता शब्दहरू छन जसले बृहत्तर अर्थ दिन वा बस्तुलाई बुझाउन चलनचल्तीको शब्द प्रयोग गरिन्छ। ती शब्दहरूको थेत अर्थ नभइकन अर्कै अर्थ देखाउँछ। त्यसलाई शब्दचित्र पनि भनिन्छ, सारगर्भित अभिव्यक्ति, विशिष्ट शब्दं, वाक्यांश आदि कहलाइन्छ। उदाहरणमा हिब्रू शब्द मी-यिट्टन (mi-yittan) दुई शब्दहरूले बनेको शब्द हो। "मी" सोधिने शब्द हो, अर्थात् त्यसले "को?" भनेर जनाउँछ भने “यिट्टन"को अर्थ "दिनेछ" हो। त्यसकारण मी-यिट्टन एउटै शब्द हो तर त्यसको अर्थ "कसले दिनेछ?" हो। हिब्रू भाषामा लेखिएको बाइबलमा त्यस्ता शब्दहरू जताततै छरिएको पाइन्छ।

हिब्रू बाइबलमा त्यस शब्द वा वाक्यांशले मानिसको तिब्र चाहना, इच्छा वा कसैले नभइभएन भन्ने इच्छा व्यक्त गर्नु हो। उदाहरणमा जब इजिप्ट वा मिश्रदेशबाट इस्राएलीहरू भाग्न सफल त भए तर जब मरूभूमिमा अनेकन् चुनौतीहरूको सामना गर्नुपर्दा तिनीहरूले यसरी चिच्याएका थिए “यदि परमेश्वरले हामीलाई इजिप्टमा मात्र मार्नुभएको भए हुन्थ्यो !" (प्रस्थान १६ः३ रूपान्तरित)। त्यो शब्द “यदि मात्र" भन्ने मी-यिट्टनबाट आएको वाक्यांश हो। भजन १४:७मा दाउदले यी शब्दहरू उच्चारण गर्दछन् “ओहो, सियोनबाट इस्राएलको मुक्ति आएको भए हुन्थ्यो !" हिब्रू भाषामा “ओहो" भन्ने शब्द प्रयोग गरिएको छैन तर त्यसले मी-यिट्टन प्रयोग गरिएको छ। अय्यूब ६ः८मा पनि अय्यूबले यो चित्कार गर्दछन् "ओहो, मैले निवेदन गर्न सकेको भए।" यसमा पनि मी-यिट्टन प्रयोग गरिएको छ

व्यवस्था ५ः२९मा पनि त्यस्तै खालको शब्द प्रयोग गरिएको छ। मोशाले इस्राएलीहरूलाई परमेश्वरले कसरी अलौकिक तरिकाले तिनीहरूलाई छुट्कारा दिनुभएको थियो भनेर त्यस इतिहासलाई सम्झाउँदै थिए। तिनीहरूले व्यक्त गरेको चाहनालाई कसरी परमेश्वरसामु उनले राखे

नत्रभने यदि परमेश्वरले सिधै जवाफ दिनुभएको भए तिनीहरू मर्ने थिए भनेर मोशाले भन्दछन्। तिनीहरूको चाहनाप्रति परमेश्वरले सराहना गर्नुभएको थियो भनेर मोशाले यसरी भन्दछन् "ओहो, तिनीहरूमा त्यस्तो खालको मनभए कस्तो हुनेथियो ताकी तिनीहरूले मेरो भय मानोस वा ममाथि अगाढ श्रद्धा राखोस र सधैं मेरा आज्ञाहरू पालन गरुन्।"

"ओहो" भन्ने अनुवाद गरिएको शब्द मी-यिट्टन हो।

यो अत्यन्त अचम्मको छ र ! त्यस सनातन सृष्टिकर्ता परमेश्वर, जसले आकाश, पृथ्वी, समय, पदार्थको सृष्टि गर्नुभयो, केवल उहाँको वचनले मात्र संसारको अस्तित्व हुन आयो, जसले आदमको नाकमा जीवनको सास फुक्दा ऊ जीवित भयो, त्यस परमेश्वरले मानव कमजोरी र सिमित चरित्रसँग संलघ्न भएर त्यस्तो शब्द प्रयोग गर्नुभयो।

**आत्मनिर्णय भन्ने कुरा मनगडन्ते वा एकले अर्कोलाई लाढ्ने नभएर आफूले आफूलाई नै निर्णय दिने यथार्थको बारेमा चर्चा गऱ्यौं भने ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् मतभेदमा पनि परमेश्वरले गर्न सक्ने काममा कतिको सिमित रहेछ भनेर देखाउँछ। त्यहाँ प्रयोग गरिएको शब्द मी-यिट्टनले मानिलाई दिएको आत्मनिर्णयको अधिकारलाई अर्थात् परमेश्वरलाई मान्ने वा नमान्ने स्वतन्त्रतालाई उहाँले मिच्नुहुन्न भनेर देखाइएको छ। यदि उहाँले मिच्नुभयो भने मानिस स्वतन्त्र हुने थिएन। (परमेश्वरले मानिसलाई परतन्त्र होइन स्वतन्त्र हुन सृष्टि गर्नुभयो र त्यस स्वतन्त्रतालाई उहाँले सम्मान गर्नुहुन्छ र उसको अनुमतिबिना कसैको जीवनमा परमेश्वरले हस्तक्षेप गर्नुहुन्न)।**

**आत्मनिर्णय वा विवेकको स्वतन्त्रताको यथार्थताको बारेमा चर्चा गर्दा, येशू र शैतानको महान् मतभेदको बीचमा परमेश्वर आफैलाई सिमितमा पार्नुभएको स्वीकार गरिएको पाइन्छ। प्रत्येक मानवप्राणीलाई दिएको आत्मनिर्णयको अधिकार जसमा धार्मिक स्वतन्त्रता होस् वा आफ्नो विवेकले ठीकबेठिक रोज्ने अधिकार होस्, त्यसलाई परमेश्वर आफैले मिच्न अस्वीकार गर्नुभएको उहाँको नीतिलाई मी-यीट्टन भन्ने शब्दको प्रयोगले पुष्टि गर्दछ (उहाँले कसैको आत्मनिर्णयलाई जबरजस्ती हस्तक्षेप गर्नुभयो भने त्यो मानिसको स्वतन्त्रता हनन भएको ठहरिन्छ। एक मानिसले अर्को मानिसलाई**

जुनसुकै कारणले दबाउने नीति परमेश्वरको नभएको त्यस भावुक शब्द मी-यिट्टनले देखाउँछ)।

बाइबलमा एउटा पुस्तक छ जसमा मानिसहरूले परमेश्वरलाई मानुन् भन्ने परमेश्वरको तिब्र इच्छालाई व्यक्त गरिएको छ तर पापको कारण परमेश्वरलाई विश्वास नगर्ने मानव प्रवृत्तिको पनि खुलासा गरिएको छ। त्यो अगमवक्ता वा परमेश्वरको प्रवक्ता यर्मियाले लेखेका पुस्तक "यर्मियाको पुस्तक" हो। यस अध्ययन पुस्तकको मूल विषयवस्तु यही पुस्तक हो। पौराणिक तर ऐतिहासिक मध्यपूर्वका देशहरूमा भइरहेका राजनैतिक उथलपुथलको पृष्ठभूमिमा यो पुस्तक लेखिएको हो। यर्मियाको पुस्तकमा यर्मियाले परमेश्वरको वचन बफादारीकासाथ तिब्र जोशले प्रचार गरेका र उहाँको चाहना अनुसार उनले सेवा गरेका उल्लेख गरिएको छ। तर जुन मानव लहरलाई उनले सम्बोधन गरे प्रायजसो उनको सन्देशलाई चासो पनि देखाएका थिएनन्।

जब परमेश्वरले यर्मियालाई आफ्नो सन्देश मानिसहरूलाई दिन चुन्नुभयो त्यसबेल उनी जवानै थिए। युवाअवस्थादेखि बुढो नहुञ्जेल परमेश्वरले यर्मियालाई बाइबलको आधारभूत् शिक्षालाई जनसमक्ष ल्याउन लगाउनुभएको थियो। सृष्टिको सुरूको जगमा नै स्थापना भएको बाइबलको मौलिक शिक्षालाई बाइबलको कैयौं ऐतिहासिक वर्ष लगाएर मानिसहरूको सामु यर्मियाले घोषणा गरेका थिए। आफ्ना जनहरूबाट अपेक्षा गर्नुभएको परमेश्वरको तिब्र चाहना देहायको आत्मिक सत्यज्ञानले सारांशमा व्यक्त गरिएको छः " २३ परमप्रभुले यसरी भन्नुहुन्छ, "ज्ञानी वा बुद्धिमानी मानिसहरूले आफ्ना ज्ञान वा बुद्धिमा घमण्ड नगरोस्, बलिया वा बहादुरले आफ्नो बल वा बहादुरतामा घमण्ड नगरोस्,
धनी वा सम्पन्नले आफ्नो धन वा सम्पन्नतामा घमण्ड नगरोस्।" २४ तर जसले घमण्ड वा गौरव गर्छ, त्यसले मलाई चिनेको र बुझेको छ भनी घमण्ड वा गौरब गरोस्
किनकि यस पृथ्वीमा मेरो प्रेम अटुट छ र मेरो काम ठीक र न्यायी छ। यिनै कुराहरूमा म प्रसन्न छु, म परमप्रभु बोलेको छु।" यर्मियो ९:२३-२४ (रूपान्तरित)।

यर्मियाको पुस्तक पढ्नु भनेको आत्मिक यात्रामा लाग्नु हो। जब मानिसले परमेश्वरप्रति आस्थालाई लत्याउँछ तब मानिस कतिसम्म नीचतामा गिर्दो रहेछ भनेर देखाएकोदेखि लिएर परमेश्वरको महानता, सदाशयता र यसको उचाईं कतिको रहेछ भनेर त्यस पुस्तकले चिरफार गर्दछ। हामी मानव जाती जतिसुकै गिरेतापनि आफ्नो प्रेम तथा सदाशयता र ओजस्वीमय उचाईहरूबाट विभिन्न माध्यमहरूद्वारा सनातन सृष्टिकर्ता परमेश्वरले यसरी क्रन्दन व्यक्त गरिरहनुभएको छः मि-यिट्टन, तिमीहरूमा मैले अपेक्षा गरेको हृदयभएको भए कस्तो हुनेथियो!

*यस अध्ययन पुस्तकको लेखक विद्याविध (पिएजडी) इम्र टोकिन हुनुहुन्छ। उहाँ हँगेरीको पसेल भन्ने स्थानमा रहेको एडभेन्टिस्ट थियोलोजिकल कलेजको पुरानो करार सिकाउने विभागको अध्यक्ष हुनुहुन्छ। उहाँ पुरानो करार र यहूदि धर्मको विज्ञानको प्रोफेसर हुनुहुन्छ र साथै उहाँ कानुन विद्यामा पिएचडी वा एलएलडी डिग्री हासिल गर्नुभएको छ।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | अगमवक्ता हुन यर्मियालाई आह्वान | १ |
| २. | इस्राएल देशभित्र र बाहिर सङ्कट | २३ |
| ३. | इस्राएलका अन्तिम पाँच राजाहरू | ४१ |
| ४. | चेतावनी र प्रतिशोध | ६२ |
| ५. | अगमवक्तालाई आएका अझ धेरै पिडाहरू | ७९ |
| ६. | साङ्केतिक कामहरू | ९८ |
| ७. | सङ्कटले पाएको निरन्तरता | ११५ |
| ८. | राजा योशायाको सुधार | १३५ |
| ९. | यर्मियाले बोकेका जुवा | १५७ |
| १०. | यरुशलेमको विध्वंस | १७५ |
| ११. | करार | १९५ |
| १२. | इजिप्ट वा मिश्रदेशमा फिर्ती | २१३ |
| १३. | यर्मियाको पुस्तकबाट सिक्नुपर्ने पाठहरू | २३४ |

# अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन असौज ८,२०७२(सेप्ट, २५ २०१५)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असौज ९-१५ (सेप्टम्बर २६ अक्टोबर २) |
| २ | अध्याय २ | असौज १६-२२ (अक्टोबर ३-९) |
| ३ | अध्याय ३ | असौज २३-२९(अक्टोबर १०-१६) |
| ४ | अध्याय ४ | असौज ३०-कार्तिक ६(अक्टोबर १७-२३) |
| ५ | अध्याय ५ | कार्तिक ७-१३ (अक्टोबर २४-३०) |
| ६ | अध्याय ६ | कार्तिक १४-२०(अक्टोबर ३१-नभेम्बर ६) |
| ७ | अध्याय ७ | कार्तिक २१-२७ (नभेम्बर ७-१३) |
| ८ | अध्याय ८ | कार्तिक २८-मङ्गशिर ४ (नभेम्बर १४-२०) |
| ९ | अध्याय ९ | मङ्गशिर ५-११ (नभेम्बर २१-२७) |
| १० | अध्याय १० | मङ्गशिर १२-१८(नभेम्बर २८-डिसेम्बर ४) |
| ११ | अध्याय ११ | मङ्गशिर १९-२५ (डिसेम्बर ५-११) |
| १२ | अध्याय १२ | मङ्गशिर २६-पौष ३(डिसेम्बर १२-१८) |
| १३ | अध्याय १३ | पौष ४-१०(डिसेम्बर १९-२५) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| | अध्याय / बार | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|---|
| १ | असौज ९-१५ (सेप्टम्बर २६ अक्टोबर २) | | | | | | | |
| २ | असौज १६-२२ (अक्टोबर ३-९) | | | | | | | |
| ३ | असौज २३-२९(अक्टोबर १०-१६) | | | | | | | |
| ४ | असौज ३०-कार्तिक ६(अक्टोबर १७-२३) | | | | | | | |
| ५ | कार्तिक ७-१३ (अक्टोबर २४-३०) | | | | | | | |
| ६ | कार्तिक १४-२०(अक्टोबर ३१-नभेम्बर ६) | | | | | | | |
| ७ | कार्तिक २१-२७ (नभेम्बर ७-१३) | | | | | | | |
| ८ | कार्तिक २८-मङ्गशिर ४ (नभेम्बर १४-२०) | | | | | | | |
| ९ | मङ्गशिर ५-११ (नभेम्बर २१-२७) | | | | | | | |
| १० | मङ्गशिर १२-१८(नभेम्बर २८-डिसेम्बर ४) | | | | | | | |
| ११ | मङ्गशिर १९-२५ (डिसेम्बर ५-११) | | | | | | | |
| १२ | मङ्गशिर २६-पौष ३(डिसेम्बर १२-१८) | | | | | | | |
| १३ | पौष ४-१०(डिसेम्बर १९-२५) | | | | | | | |